# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, साउन २९ गते २०४१ साल (संख्या १८

श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले होटल, लज, रेष्टूराँ, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ को नियम ५ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी एक तारादेखि पाँच तारासम्मको पर्यटक स्तरको होटलमा निम्नबमोजिमको सुविधा हुनु पर्ने गरी तोकी दिएको छ।

एक ताराको होटलमा हुनु पर्ने सुविधाहरू:–

१. होटल राम्रो र उपयुक्त स्थानमा हुनु पर्दछ र कम्तीमा १५४ वर्ग फुटको १२ कोठाहरू हुनु पर्दछ ।

२. सबै कोठाहरूमा स्वच्छ प्रकाश पुग्ने र हावा चल्ने हुनु पर्दछ ।

३. कम्तीमा २५ प्रतिशत कोठाहरूमा जोडिएको स्नानागार हुनु पर्दछ र प्रत्येक चार कोठाको लागि एउटा छुट्टै स्नानागार हुनु पर्दछ । तल्ला भएको होटल भए यस्ता छुट्टै स्नानागार कमसेकम एक तलामा दुइटा हुनु पर्ने र स्त्री र पुरुषको लागि छुट्टा छुट्टै स्नानागार हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कोठाहरू सुविधाजनक शैया र फर्निचरहरूयुक्त भएका हुनु पर्दछ । कोठाहरू सफा सुग्घर हुनु पर्दछ र बिजुलीका सामानहरू जडिएका हुनु पर्दछ ।

५. कोठाहरू नेपाली साँस्कृतिक ढङ्गबाट सजाइएको हुनु पर्दछ ।

६. स्नानागारमा आवश्यक स्यानिटरी जडान भएको हुनु पर्ने र तातो तथा चिसो पानीको बन्दोवस्त भएको हुनु पर्दछ ।

७. नेपाली पाराले सजाइएको स्वागत कक्ष हुनु पर्ने र सकभर कम्तीमा एउटा टेलिफोन लाइन हुनु पर्दछ ।

८. सफा र आवश्यक सामानले युक्त भएको भोजन कक्ष र रेष्टूराँ हुनु पर्दछ ।

९. होटलमा वा बाहिरबाट लुगा धुलाई दिने बन्दोवस्त हुनु पर्दछ ।

१०. कर्मचारीको हकमाः–

(क) प्रबन्धक तहमा प्रशिक्षित कर्मचारी हुनु पर्दछ ।

(ख) सफा युनिफर्म लगाएका कर्मचारी हुनु पर्दछ ।

(ग) कर्मचारीहरूको आवधिक रूपमा स्वास्थ्य जाँचिएको हुनु पर्दछ ।

११. एउटा कमन रूम वा लवी हुनु पर्दछ ।

१२. ऋतु अनुसार हिटर र पङ्खाको बन्दोवस्त भएको हुनु पर्दछ ।

१३. प्रत्येक कोठामा "कल बेल" हुनु पर्दछ ।

१४. पिउने पानी उमालिएको र छानिएको हुनु पर्दछ ।

१५. होटल प्रवेशको निमित्त छुट्टै प्रवेशद्वार हुनु पर्दछ ।

१६. प्राथमिक उपचारको सुविधा हुनु पर्दछ ।

१७. आगो निभाउने यन्त्र जडान भएको हुनु पर्दछ ।

दुई ताराको होटलमा हुनु पर्ने सुविधाः–

१. होटल राम्रो र उपयुक्त स्थानमा हुनु पर्दछ र कम्तीमा १५४ वर्ग फुटको २५ कोठाहरू हुनु पर्दछ ।

२. ऋतु अनुसार हिटर र पङ्खाको आवश्यक बन्दोवस्त हुनु पर्दछ ।

३. सबै कोठाहरूमा स्वास्थ्यकर सफा स्नानागार जोडिएको हुनु पर्दछ र तातो तथा चिसो पानीको प्रबन्ध भएको हुनु पर्दछ ।

४. सबै कोठाहरूमा उचित प्रकाश आउने, हावा चलने र सफा बिछ्यौनाको व्यवस्था हुनु पर्दछ ।

५. पिउने पानी उमालिएको र छानिएको हुनु पर्दछ ।

६. प्रत्येक कोठामा रिसेप्शनमा बोलाउने "कल बेल" हुनु पर्दछ ।

७. फर्निचरयुक्त लंज वा कमन रूम हुनु पर्दछ ।

८. लिनेन, ओछ्यान र रूमालहरू सफा सुग्घर हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. टेलिफोनयुक्त भएको स्वागत कक्ष हुनु पर्दछ र कम्तीमा प्रत्येक तलामा ग्राहकले प्रयोग गर्न सक्ने गरी टेलिफोनको व्यवस्था भएको हुनु पर्दछ ।

१०. राम्रो सफा सुग्घर भएको भोजन कक्ष वा रेष्टूराँ हुनु पर्दछ ।

११. असल क्रकरी, कटलरी र ग्लासवेयरको प्रबन्ध हुनु पर्दछ ।

१२. सफा, स्वास्थ्यकर, उपयुक्त सामान भएको भान्छा र प्यान्ट्री हुनु पर्दछ ।

१३. पकाउने भाँडा, क्रकरी, कटलरी र ग्लासवेयरहरू स्वास्थ्यकर रूपमा सफा गर्न प्रबन्ध भएको हुनु पर्दछ ।

१४. राम्रो भान्छा घर हुनु पर्दछ ।

१५. होटलमा वा बाहिरबाट लुगा धुलाई दिने व्यवस्था हुनु पर्दछ ।

१६. कर्मचारीको हकमाः–

(क) २५ प्रतिशत कर्मचारीहरूले स्वीकृत प्रशिक्षण लिएको हुनु पर्ने वा २ वर्षको अनुभव हुनु पर्दछ ।

(ख) सफा सुग्घर हुनु पर्दछ र आवश्यक युनिफर्म लगाएको हुनु पर्ने ।

(ग) कर्मचारीहरूको आवधिक रूपमा स्वास्थ्य जाँच हुनु पर्दछ ।

१७. प्राथमिक उपचारको बन्दोवस्त र आगो निभाउने यन्त्र तथा बचावटको व्यवस्था हुनु पर्दछ ।

१८. ग्राहकको सम्पर्कमा आउने सुपरिवेक्षक कर्मचारीहरू अंग्रेजी बुझ्ने तथा उच्च कर्मचारीहरू अंग्रेजीमा राम्रो ज्ञान भएको हुनु पर्दछ ।

१९. होटल प्रवेशको निमित्त छुट्टै प्रवेशद्वार हुनु पर्दछ ।

२०. रेफ्रिजरेशन र भण्डारको सुविधाको व्यवस्था हुनु पर्दछ ।

२१. सेफ डिपोजिटको सुविधा हुनु पर्दछ ।

२२. लेफ्ट लगेजको सुविधा हुनु पर्दछ ।

२३. होटलका कोठाहरू र भुइं तथा ग्राहक हिंड्ने भुइंहरूमा जूट कार्पेट वा पार्केटिङ्ग वा मौज्याक लगाइएको हुनु पर्दछ ।

२४. कोठाहरू नेपाली साँस्कृतिक ढङ्गबाट सजाइएको हुनु पर्दछ ।

तीन ताराको होटलमा हुनुपर्ने सुविधाः–

१. होटल राम्रो र उपयुक्त स्थानमा हुनु पर्दछ र कम्तीमा १५४ वर्ग फुटको ५० कोठाहरू हुनु पर्दछ ।

२. कारहरू पार्क गर्ने स्थानहरू हुनु पर्दछ ।

३. होटलमा ग्राहकहरूको प्रयोगको निमित्त चौर वा रूफ गार्डेन हुनु पर्दछ ।

४. ऋतु अनुसार सबै कोठामा वातानुकूलित शीतल र न्यानो गराउने व्यवस्था हुनु पर्दछ ।

४०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सबै कोठा (ग्राहक बस्ने) हरूमा जोडिएको स्नानागार हुनु पर्दछ ।

६. सबै स्नानागारहरू आधुनिक, स्वास्थ्यकर, सुविधा युक्त लंग वाथ सावरहरू भएको हुनु पर्ने र तातो तथा चिसो पानीको प्रबन्ध हुनाको साथै पर्याप्त मात्रामा शौचालयको सुविधाहरू हुनु पर्दछ ।

७. उपयुक्त कर्मचारी भएको २४ सै घण्टा खुला स्वागत तथा सूचना कक्ष हुनु पर्दछ।

८. आवश्यक सामानले सुसज्जित कफी शप वा लाउन्ज हुनु पर्दछ ।

९. पर्याप्त मात्रामा साबुन, रूमाल र ट्वाइलेट पेपर भएको महिला पुरुषका लागि क्लोक रूमको प्रबन्ध हुनु पर्दछ ।

१०. हुलाक सेवा, मुद्रा विनिमय, सेफ डिपोजिट र लेफ्ट लगेज सुविधाहरूको प्रबन्ध हुनु पर्दछ ।

११. २ तलाभन्दा बढीको भवन भएमा लिफ्टको प्रबन्ध हुनु पर्दछ ।

१२. सबै कोठाहरू उचित रूपमा फर्निचरहरू राखिएको हुनु पर्ने, ओछ्यानहरू सुविधाजनक र लेख्ने टेबुल इत्यादि हुनु पर्दछ ।

१३. सबै कोठाहरूमा उचित प्रकाशको व्यवस्था हुनु पर्दछ ।

१४. प्रत्येक ग्राहकको कोठामा टेलिफोन हुनु पर्दछ ।

१५. प्रत्येक शैया भएको कोठामा भ्याकुम जग फ्लास्क हुनु पर्दछ ।

१६. ऋतु अनुसार शीतल र न्यानो गराइएको र आवश्यक सरसामानयुक्त रेष्टूराँ हुनु पर्दछ ।

१७. कोठा तथा पब्लिक एरिया बीचमा नेपाली कार्पेट हाली पार्केटिङ्ग ओछ्याइएको हुनु पर्दछ ।

१८. सफा भोजन कक्ष र ओढ्ने ओछ्याउने रूमाल इत्यादिको राम्रो प्रबन्ध हुनु पर्दछ ।

१९. राम्रो स्तरको क्रकरी, कटलरी र ग्लासवेयर हुनु पर्दछ ।

२०. छुट्टै बारको सुविधा हुनु पर्दछ ।

२१. भोजन कक्ष र पब्लिक रूममा संगीतको व्यवस्था हुनु पर्दछ ।

२२. सफा, स्वास्थ्यकर र आवश्यक सामानले युक्त भएको र रेफ्रिजरेटरहरू तथा स्टोरको प्रबन्ध भएको भान्छा र प्यान्ट्री हुनु पर्दछ ।

२३. पूर्ण रूपमा स्वास्थ्यकर हुने गरी भाँडा वर्तनहरू, क्रकरी, कटलरी र ग्लासवेयरहरू सफा गर्ने प्रबन्ध हुनु पर्दछ ।

२४. नेपाली खाना तथा कन्टिनेन्टल "कुसेन" को व्यवस्था हुनु पर्दछ ।

२५. लंड्री र ड्राईक्लिनिङ्गको व्यवस्था हुनु पर्दछ ।

२६. कर्मचारीको हकमाः–

(क) ५० प्रतिशत कर्मचारीले मान्यता प्राप्त प्रशिक्षण लिएको हुनु पर्ने वा तीन वर्षको अनुभव भएको हुनु पर्दछ ।

(ख) स्टाफहरूले सफा सुग्घर युनिफर्म लगाएको हुनु पर्दछ ।

(ग) आवधिक रूपमा स्वास्थ्य जाँच गरिएको हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. सूचना सेवाको प्रबन्ध हुनु पर्दछ ।

२८. पिउने पानी उमालिएको, छानिएको र केमिकल ट्रिटमेन्ट भएको हुनु पर्दछ ।

२९. प्राथमिक उपचार, आगो निभाउने सरसामानको सुविधा र व्यवस्था हुनु पर्दछ ।

३०. अन्य निम्न सेवाहरूको व्यवस्था हुनु पर्नेः–

(क) ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र टयाक्सीको व्यवस्था हुनु पर्दछ ।

(ख) पेजिङ्ग सर्भिस अथवा पब्लिक एड्रेस सिस्टम ।

(ग) कर्मचारीहरूको निमित्त भोजनालय तथा रेष्टूराँ ।

(घ) किताब तथा अन्य पसलहरू ।

३१. होटल प्रवेश गर्ने छुट्टै प्रवेशद्वार हुनु पर्दछ ।

३२. कोठाहरू नेपाली साँस्कृतिक ढङ्गबाट सजाइएको हुनु पर्दछ ।

चार ताराको होटलमा हुनु पर्ने सुविधाः–

१. होटल राम्रो र उपयुक्त स्थानमा हुनु पर्दछ र कम्तीमा १५४ वर्ग फुटको ७५ कोठाहरू हुनु पर्दछ ।

२. कार पार्किङ्गको लागि उपयुक्त स्थान हुनु पर्दछ ।

३. उचित रूपमा गार्डेन अम्ब्रेला हालिएको ल्याण्डस्केप हुनु पर्दछ ।

४. ऋतु अनुसार सम्पूर्ण होटललाई शीतल र न्यानो पारिएको हुनु पर्दछ । यसको लागि केन्द्रीय रूपमा वा प्रत्येक कोठामा वातानुकूलित यन्त्रहरू जडिएको हुनु पर्दछ ।

५. होटलमा जडान भएको विद्युत् व्यवस्था सेफ्टी स्टैण्डर्डको हुनु पर्दछ । यसको लागि नेपाल विद्युत् संस्थानबाट प्रमाणित भएको हुनु पर्दछ । प्रत्येक तल्लामा आगो निभाउने यन्त्रहरू जडान भएको हुनु पर्दछ ।

६. २४ घण्टा तातो र चिसो पानी आउने, प्रथम दर्जाको स्वास्थ्यकर टवाइलेटका सुविधा भएका स्नानागार प्रत्येक कोठामा जोडिएको हुनु पर्दछ ।

७. कफी शपको व्यवस्था हुनु पर्दछ ।

८. आवश्यक मात्रामा ठूलो र फर्निचरहरूयुक्त भएको कमन रूमहरू हुनु पर्दछ ।

९. पब्लिक एरिया र कोठाहरूमा भित्तादेखि भित्तासम्म कार्पेट ओछ्याइएको हुनु पर्दछ ।

१०. होटल प्रवेशको निमित्त छुट्टै प्रवेशद्वार हुनु पर्दछ ।

११. होटलमा सभा कोठाहरू हुनु पर्दछ ।

१२. हुलाक सेवा, मुद्रा विनिमय, सेफ डिपोजिट, लेफ्ट लगेज, कपाल काट्ने र ब्यूटी स्यालुन व्यवस्था हुनु पर्दछ ।

१३. होटलभित्र वा होटलमै जोडिएको किताब पसल र शपिंग आर्केड हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. स्टेशनरीका साथै लेख पढ गर्ने टेबिलहरूयुक्त भएको स्तरीय फर्निचरहरू राखिएको हुनु पर्दछ ।
१५. सुविधाजनक शैया (स्प्रिङ्ग वा रबर भएको) कोठाहरूमा हुनु पर्दछ ।
१६. २ भन्दा बढी तल्ला भएको होटल भए लिफ्ट जडान भएको हुनु पर्दछ । सेवाका लिफ्टहरू छुट्टै हुनु पर्दछ ।
१७. प्रत्येक शैया कोठामा भ्याकुम जग, फ्लास्क राखिएको हुनु पर्दछ ।
१८. होटलभित्र र बाहिर कुरा गर्न सकिने टेलिफोनका व्यवस्था प्रत्येक शैया कोठामा हुनु पर्दछ ।
१९. सबै कोठाहरूमा रेडियो वा पाइप म्यूजिकको कमसेकम ३ च्यानल भएको व्यवस्था हुनु पर्ने । टेलिभिजन (उपलब्ध भएमा) लाउन्जमा हुनु पर्दछ ।
२०. महिला र पुरूषको लागि छुट्टा छुट्टै क्लोक रूमहरू हुनु पर्दछ । भोजन कक्ष र रेष्टूराँको व्यवस्था हुनु पर्दछ ।
२१. पिउने पानी उमालिएको, छानिएको र केमिकल ट्रिटमेन्ट भएको हुनु पर्दछ ।
२२. रेफ्रिजरेशन र भण्डारका सुविधाहरूयुक्त भएका सफा, स्वास्थ्यकर, आवश्यक सामानले पूर्ण भएको र राम्रोसंग राखिएका भान्छा र प्यान्ट्रीको प्रबन्ध हुनु पर्दछ।
२३. पकाउने भाँडा क्रकरी र कटलरीहरूको विचरणको व्यवस्था हुनु पर्दछ । क्रकरी इत्यादिहरू राख्ने हटकेश हुनु पर्दछ ।
२४. अण्डर ग्राउण्ड फोहर फाल्ने व्यवस्था हुनु पर्दछ ।
२५. नेपाली र विदेशी भोजन दिन सक्ने व्यवस्था हुनु पर्दछ ।
२६. पर्याप्त मात्रामा प्रयोग गर्न सकिने गरी सामानका व्यवस्था गरिएको लिनेन रूम हुनु पर्दछ ।
२७. २४ सै घण्टा सेवा पुऱ्याउने रिसेप्शन र रूम सर्भिसको व्यवस्था हुनु पर्दछ ।
२८. लुगा धुने, ड्राइक्लिनिङ्ग गर्ने, इस्त्री गर्ने सुविधाहरूको व्यवस्था हुनु पर्दछ ।
२९. कर्मचारीहरूको लागि छुट्टै खाने ठाउँ र शौचालय हुनु पर्दछ ।
३०. बोलाइएको बखत उपलब्ध हुन सक्ने चिकित्सकको व्यवस्था हुनु पर्दछ ।
३१. ग्राहकको सम्पर्कमा आउने कर्मचारीहरू विदेशी भाषामा राम्रो ज्ञान भएको हुनु पर्दछ ।
३२. खेलकूद तथा विभिन्न मनोरञ्जनका सुविधाहरू यथासम्भव उपलब्ध हुनु पर्दछ ।
३३. जुत्ता सफा गर्ने र पालिस गर्ने व्यवस्था हुनु पर्दछ ।
३४. कर्मचारीको हकमाः–

(क) ७५% कर्मचारीहरूले मान्यता प्राप्त प्रशिक्षण लिएकै हुनु पर्दछ वा चार वर्षको अनुभव प्राप्त हुनु पर्दछ ।
(ख) युनिफर्म लगाएको हुनु पर्दछ ।
(ग) स्वास्थ्य परीक्षण आवधिक रूपमा गरिएको हुनु पर्दछ ।

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. प्राथमिक उपचार तथा आगो निभाउने यन्त्रको व्यवस्था हुनु पर्दछ।
३६. छुट्टै बारको सुविधा हुनु पर्दछ ।
३७. छुट्टै सूचना सेवाको व्यवस्था हुनु पर्दछ ।
३८. स्विमिङ्ग पुल हुनु पर्दछ ।
३९. ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र ट्याक्सी सेवाको व्यवस्था हुनु पर्दछ ।
४०. पेर्जिङ्ग र सभा गर्ने व्यवस्था हुनु पर्दछ ।
४१. कोठाहरू नेपाली सांस्कृतिक ढङ्गबाट सजाइएको हुनु पर्दछ ।

पाँच ताराको होटलमा हुनु पर्ने सुविधा

१. होटल राम्रो र उपयुक्त स्थानमा हुनु पर्दछ र कम्तीमा १५४ वर्ग फुटको १०० कोठाहरू हुनु पर्दछ ।
२. कार पार्किङ्गको लागि उपयुक्त स्थान हुनु पर्दछ ।
३. होटलका ग्राहकको लागि लन्ज हुनु पर्दछ ।
४. ६०'×२५' फीटको स्विमिङ्ग पुल हुनु पर्दछ ।
५. टेनिसकोर्टसहित खेलकूद र मनोरञ्जनको सुविधा हुनु पर्दछ ।
६. सबै पब्लिक एरिया र शैया कोठाहरू पूर्ण रूपमा केन्द्रीय वातानुकूलित भएको वा युनिट वा प्याकेज वातानुकूलित यन्त्र जडान भएको हुनु पर्दछ । स्थानीय स्थिति अनुसार कोठा न्यानो बनाउनु पर्ने आवश्यकता भएमा न्यानो बनाउने व्यवस्था हुनु पर्दछ ।
७. सबै कोठाहरूमा जोडिएको र टाइल लगाएको स्नानागार हुनु पर्दछ ।
८. सबै स्नानागारहरू २४ घण्टा तातो तथा चिसो पानी आउने आधुनिकतम र प्रथम श्रेणीको स्यानिटेशन पुल लंग बाथ र सावर भएको ट्वाइलेट र स्यानिटरीका सामानहरूले युक्त भएको हुनु पर्दछ।
९. उपयुक्त तवरले कर्मचारीहरू राखिएको २४ सै घण्टा सेवा पुऱ्याउने रिसेप्शन हल र सूचना काउण्टर हुनु पर्दछ ।
१०. राम्रोसंग सम्भार गरिएको प्रतिक्षा कक्ष र लन्ज हुनु पर्दछ ।
११. पर्याप्त मात्रामा साबुन, रूमाल, ट्वाइलेट पेपर राखिएको महिला र पुरूषको लागि छुट्टा छुट्टै क्लोक रूम हुनु पर्दछ ।
१२. कन्फरेन्स हल बाँकोयट हल, निजी भोजन कोठाहरू र रेष्टूराँहरू हुनु पर्दछ र कुनै एक रेष्टूराँमा नेपाली खानाको व्यवस्था हुनु पर्दछ ।
१३. बुक स्टल, पसल, लेफ्ट लगेज रूम, केस कर्तन र ब्यूटी स्यालुन, कोइफेयर, पैसा साट्ने काउण्टर, सेफ डिपोजिट र हुलाक सेवाका सुविधाहरू हुनु पर्ने र आवश्यक परेमा बोलाउन सकिने चिकित्सकको व्यवस्था हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. दुई तलाभन्दा बढी तल्ला भएको भवनमा आवश्यक संख्याहरूमा लिफ्टहरू हुनु पर्नेछ । सेवाको लागि छुट्टै लिफ्ट हुनु पर्दछ ।

१५. आधुनिक सुविधायुक्त भएको र उत्कृष्ट रूपले फर्निचरहरू राखिएका फराकिला शैया कोठाहरू हुनु पर्दछ, केही स्विट्स हुनु पर्दछ ।

१६. सबै कोठाहरूमा उपयुक्त प्रकाशको व्यवस्था हुनु पर्दछ ।

१७. होटलबाहिर र भित्र कुरा गर्न सकिने टेलिफोनका सुविधाहरू सबै कोठाहरूमा हुनु पर्दछ ।

१८. सबै कोठाहरूमा रेडियो वा पाइप म्यूजिकहरूको (कमसेकम ३ च्यानल) व्यवस्था हुनु पर्दछ ।

१९. प्रत्येक कोठामा भ्याकुम जग, फ्लास्कको व्यवस्था हुनु पर्दछ ।

२०. नेपाली सजावटले सुसज्जित भोजन कक्ष र रेष्टूराँहरू हुनु पर्दछ ।

२१. कोठाका भित्तादेखि भित्तासम्म कार्पेट वा कार्पेट नराखी गलैंचा ओछ्याइएका कोठाहरू हुनु पर्नेछ र अन्य पब्लिक एरियामा सिंगमरमर वा कार्पेट ओछ्याइएको हुनु पर्ने र सुइटहरूमा नेपाली गलैंचासमेत राखी सजाइएको हुनु पर्दछ ।

२२. पिउने पानी उमालिएको, छानिएको र केमिकल ट्रिटमेण्ट तवरले विशुद्ध गरिएको हुनु पर्दछ ।

२३. लिनेन्स, बेडिंग, ब्लान्केट र टावेलहरू धेरै सफा हुनु पर्दछ ।

२४. राम्रो स्तरका क्रकरी, कटलरी सिल्वरवेयर तथा ग्लासवेयरहरू प्रयोग हुनु पर्दछ ।

२५. पर्याप्त मात्रामा रेफ्रिजरेशन कोल्ड स्टोरेजको सुविधाहरू भएको सफा स्वास्थ्यकर र राम्रोसंग सम्भार गरिएको भान्सा प्यान्ट्री हुनु पर्दछ ।

२६. प्राथमिक उपचार र आगो निभाउने यन्त्रको व्यवस्था हुनु पर्दछ ।

२७. छुट्टै बारको व्यवस्था हुनु पर्दछ ।

२८. अर्केष्ट्रा फ्लोर शो रूम र नेपाली साँस्कृतिक कार्यक्रमहरू गर्ने व्यवस्था हुनु पर्दछ ।

२९. सामान्यतया नेपाली साँस्कृतिक कार्यक्रम महीनाको एक पटक प्रदर्शन गर्नु पर्नेछ ।

३०. पकाउने भाँडा, क्रकरी, कटलरी र ग्लासवेयरहरूलाई कमसेकम विचरणको स्वास्थ्य-कर धुलाइ गर्ने प्रबन्ध हुनु पर्दछ ।

३१. कन्टिनेन्टल कुसेनको व्यवस्था हुनु पर्दछ ।

३२. २४ सैं घण्टाको लागि रूम सर्भिसको व्यवस्था हुनु पर्दछ ।

३३. लन्ड्री र ड्राइक्लिनिङ्गको सेवाको व्यवस्था हुनु पर्दछ ।

३४. होटलको प्रवेशद्वार छुट्टै हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८

३५. <u>कर्मचारीको हकमाः–</u>

(क) शत प्रतिशत कर्मचारीहरूले मान्यता प्राप्त प्रशिक्षण लिएको हुनु पर्दछ ।

(ख) युनिफर्म लगाइएको हुनु पर्दछ ।

(ग) आवधिक रूपमा स्वास्थ्य परीक्षण गरिएको हुनु पर्दछ ।

३६. सबै शैयाका कोठाहरूमा स्टेशनरी व्यवस्था हुनु पर्दछ ।

३७. कफी शपको व्यवस्था हुनु पर्दछ ।

३८. ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र टयाक्सी सेवाको व्यवस्था हुनु पर्दछ ।

३९. पब्लिक एड्रेस वा पेजिङ्ग सेवाको व्यवस्था हुनु पर्दछ ।

४०. कर्मचारीहरूको लागि छुट्टै भोजनालय र शौचालय हुनु पर्दछ ।

४१. पब्लिक एरियामा र शैयाहरूमा आवश्यकतानुसार टेलिभिजन हुनु पर्दछ । यो शर्त टेलिभिजन लागू भएमा मात्र हुनेछ ।

४२. गेष्ट लगायत कर्मचारीहरूसमेतको बीमा हुनु पर्दछ ।

४३. कोठाहरू नेपाली साँस्कृतिक ढङ्गबाट सजाइएको हुनु पर्दछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

490

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।